(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५०

	लालमोहर र प्रकाशन मिति
संशोधन गर्ने ऐन	२०५०।८।७
१. अदालत व्यवस्थापन तथा न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५८	२०५९।५।२७
	प्रमाणीकरण र प्रकाशन मिति
२. केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४	२०६४।५।९
३. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६←	२०६६।१०।७
४. नेपाल कानून व्यवसायी परिषद् (पहिलो संशोधन) ऐन, २०६८	२०६८।८।२५
५. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५	२०७५।११।१९

२०५० सालको ऐन नं. २६

2.....

नेपाल कानून व्यवसायी परिषद्को स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: कानून व्यवसायीहरुको हक हितको संरक्षण गरी समाज प्रति बढी जिम्मेवारी पूर्ण सेवा सञ्चालन गर्न नेपाल कानून व्यवसायी परिषद्को स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

परिच्छेद–१

प्रारम्भिक

← यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५०" रहेको छ ।

(२) यो ऐनको दफा १ र ४ तुरुन्त प्रारम्भ हुनेछन् र अन्य दफाहरु नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।*f*

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "परिषद्" भन्नाले यो ऐन बमोजिम स्थापना भएको नेपाल कानून व्यवसायी परिषद्सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ग) "पार्षद्" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ।

(घ) "सचिव" भन्नाले परिषद्को सचिव सम्झनु पर्छ।

(ङ) "कानून व्यवसायी" भन्नाले वरिष्ठ अधिवक्ता र अधिवक्ता सम्झनु पर्छर सो शब्दले यस ऐनमा व्यवस्था गरिएको अन्य कानून व्यवसायीलाई समेत जनाउनेछ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

परिच्छेद– २

कानून व्यवसायी परिषद्को स्थापना र गठन

३. परिषद्को स्थापनाः (१) नेपाल कानून व्यवसायी परिषद् नामको एक परिषद्को स्थापना हुनेछ ।

(२) परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(३) परिषद्को आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

---

f यो ऐनको लागू हुन बाँकी रहेका दफाहरु मिति २०५१।४।२७ देखि नेपाल राजपत्रमा प्रारम्भ हुने गरी तोकिएको (नेपाल राजपत्र २०५१।४।२३)

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

(४) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न, बेच बिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(५) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर दिन र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(६) परिषद्को कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

४. <u>परिषद्को गठन:</u> (१) नेपाल कानून व्यवसायी परिषद्मा देहाय बमोजिमका पार्षद्हरु रहनेछन्:–

(क) नेपाल 2..... को महान्यायाधिवक्ता,

(ख) अध्यक्ष, नेपाल बार एशोसिएशन,

(ग) रजिष्ट्रार, सर्वोच्च अदालत,

(घ) डीन, कानून संकाय, त्रिभुवन विश्वविद्यालय,

(ङ) ➢<u>नेपालको प्रत्येक प्रदेशमा</u> कानून व्यवसाय गर्ने वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरुको निर्वाचक मण्डलबाट एकजनाका हिसाबले तोकिए बमोजिम निर्वाचित वरिष्ठ अधिवक्ता वा अधिवक्ताहरु, र

(च) नेपाल बार एशोसिएशनबाट मनोनीत दुईजना वरिष्ठ अधिवक्ता वा अधिवक्ताहरु ।

(२) नेपाल 2..... को महान्यायाधिवक्ता परिषद्को अध्यक्ष र नेपाल बार एशोसिएशनको अध्यक्ष परिषद्को उपाध्यक्ष हुनेछन् ।

(३) उपदफा (१) को खण्ड (ङ) अन्तर्गत निर्वाचित पार्षद्हरुको पदावधि पाँच वर्षको र खण्ड (च) अन्तर्गत मनोनीत पार्षद्हरुको पदावधि दुई वर्षको हुनेछ ।

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

➢ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

(४) कानून व्यवसायीको रुपमा प्रमाणपत्र प्राप्त गरी कम्तीमा दश वर्ष कानून व्यवसायको काम गरी सकेका कानून व्यवसायीहरु मात्र उपदफा (१) को खण्ड (ङ) र (च) अन्तर्गत पार्षद् हुन योग्य हुनेछन् ।

(५) उपदफा (१) को खण्ड (ङ) अन्तर्गत पार्षद्हरु निर्वाचित नभएसम्मका लागि नेपाल बार एसोशिएशनले ➢सम्बन्धित प्रदेशका एक एक जना गरी सातजनाकानून व्यवसायीलाई बढीमा एक वर्षका लागि पार्षद्मा मनोनयन गर्न सक्नेछ ।

(६) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कामहरु उपाध्यक्षले गर्नेछ ।

५. स्थानको रिक्तता र पूर्तिः (१) दफा ४ को उपदफा (१) को खण्ड (ङ) अन्तर्गत निर्वाचित कुनै पार्षद्को मृत्यु भएको वा कुनै पार्षद्ले राजीनामा दिएको वा कुनै पार्षद् यस ऐनको व्यवस्था अनुसार कानून व्यवसायी कायम रही रहन अयोग्य भएको कारणबाट रिक्त हुन आएको स्थानमा त्यस्तो पार्षद्को बाँकी पदावधि एक वर्ष भन्दा कम भएमा परिषद्ले सम्बन्धित क्षेत्रको अर्को कानून व्यवसायीलाई पार्षद् तोक्नेछ र एक वर्ष भन्दा बढी भएमा निर्वाचनद्वारा सो पदको पूर्ति गरिनेछ ।

(२) दफा ४ को उपदफा (१) को खण्ड (च) अन्तर्गत मनोनीत कुनै पार्षद्को मृत्यु भएको वा कुनै पार्षद्ले राजीनामा दिएको वा कुनै पार्षद् यस ऐनको व्यवस्था अनुसार कानून व्यवसायी कायम रही रहन अयोग्य भएको कारणबाट रिक्त हुन आएको स्थानमा त्यस्तो पार्षद्को बाँकी पदावधिको लागि नेपाल बार एशोसिएशनले अर्को कानून व्यवसायीलाई पार्षद् मनोनीत गर्नेछ ।

६. पार्षद्ले भाग लिन नहुनेः (१) कुनै पार्षद्को परिषद्ले गर्ने कुनै करारमा कुनै किसिमको स्वार्थ भएमा वा परिषद्ले कुनै पार्षद् माथि कारबाही चलाएकोमा त्यस्तो पार्षद्ले परिषद् वा परिषद्को कुनै समितिको बैठकमा

➢ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

त्यस्तो करार वा कारबाहीको सम्बन्धमा छलफल हुँदा भाग लिन र मतदान गर्न हुँदैन ।

(२) कानून व्यवसायीको परीक्षामा परीक्षार्थीको रुपमा कुनै पार्षद्को एकाघर परिवारका कुनै व्यक्ति सम्मिलित हुने रहेछ भने त्यस्तो परीक्षासँग सम्बन्धित समितिमा सम्बन्धित पार्षद् बस्न हुँदैन ।

(३) कुनै पार्षद्ले यो ऐन विरुद्ध कुनै काम गरेमा परिषद्ले तोकिए बमोजिमको कारबाही गर्नेछ ।

७. परिषद्को बैठकः (१) अध्यक्षको निर्देशानुसार परिषद्को सचिवले बैठक हुने मिति, समय र स्थान तोकी परिषद्को बैठक बोलाउनेछ । कम्तीमा चारजना पार्षद्ले परिषद्को बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले बैठक बोलाउनको लागि सचिवलाई निर्देशन दिनेछ ।

(२) पचास प्रतिशत भन्दा बढी पार्षद्हरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले वा निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ र दुवैको अनुपस्थितिमा बैठकमा उपस्थित पार्षद्हरु मध्ये उमेरको हिसाबले जेष्ठ पार्षद्ले गर्नेछ ।

(४) परिषद्को बैठकमा बहुमतको रायलाई परिषद्को निर्णय मानिनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(५) परिषद्को सचिवले बैठकको निर्णय प्रमाणित गरी राख्नु पर्नेछ ।

(६) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद्ले आफै निर्धारण गर्न सक्नेछ ।

८. परिषद्को काम, कर्तव्य र अधिकारः (१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) कानून व्यवसायमा प्रवेश गर्नेहरुको परीक्षा लिने ।

(ख) कानून व्यवसायीमा नाम दर्ता गर्ने सम्बन्धी कार्यविधिको व्यवस्था गर्ने ।

(ग) योग्यता पुगेको व्यक्तिलाई कानून व्यवसायीमा दर्ता गर्ने ।

(घ) कानून व्यवसायीको लागि तोकिएको व्यावसायिक आचरण संहिता अनुरुप कानून व्यवसायीले काम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने ।

(ङ) कानून व्यवसायीले व्यवसायिक आचरण विरुद्ध गरेको कार्य सम्बन्धी उजूरी लिने र कारबाहीका लागि अनुशासन समितिमा पठाउने ।

(च) अनुशासन समिति र अन्य समितिले अपनाउनु पर्ने कार्यविधि तोक्ने ।

(छ) यस ऐनको व्यवस्था विरुद्धमा काम गर्नेहरु उपर मुद्दा चलाउने ।

(ज) कानून व्यवसायीको इज्जत, प्रतिष्ठा, सुरक्षा, हकहित तथा सुविधाको संरक्षण गर्ने ।

(झ) स्तरीय कानूनी शिक्षालाई प्रोत्साहन दिन विश्वविद्यालयसँग परामर्श गरी कानून व्यवसायको लागि उपयुक्त शैक्षिक मापदण्ड सिफारिस गर्ने ।

(ञ) परिषद्को लागि आवश्यक कर्मचारीहरु नियुक्त गर्ने र उनीहरुको पारिश्रमिक तथा अन्य सुविधाको व्यवस्था गर्ने ।

(ट) कानून व्यवसायीलाई कानून व्यवसायको व्यावहारिक अनुभव दिलाई कानून व्यवसायलाई गरिमामय बनाउन आवश्यक प्रशिक्षण तथा तालीमको व्यवस्था गर्ने ।

(ठ) कानून व्यवसायीको हित अभिवृद्धि गर्न अध्ययन, छलफल, सभा, गोष्ठी, प्रवचन आदिको व्यवस्था गर्ने र आवश्यक प्रकाशनको व्यवस्था गर्ने ।

(ड) परिषद्को कोषको प्रबन्ध गर्ने ।

(ढ) यस ऐनद्वारा निर्धारित अन्य कार्य गर्ने, र

(ण) यस ऐनको उद्देश्य पूरा गर्न आवश्यक पर्ने अन्य कार्यहरु गर्ने ।

(२) परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार कुनै पार्षद्, सचिव, समिति वा समितिको सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९. सचिवको नियुक्ति: (१) परिषद्को कार्यालयको प्रशासकीय प्रमुखको रुपमा एकजना सचिव रहनेछ ।

(२) परिषद्ले कम्तीमा कानूनमा स्नातक भएको व्यक्तिलाई सचिवको पदमा नियुक्त गर्न वा परिषद्को अनुरोधमा नेपाल सरकारले राजपत्रांकितसम्मको कर्मचारीलाई खटाउनेछ ।

(३) यस ऐनमा लेखिएदेखि बाहेक सचिवको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) सचिवको पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

(५) सचिवको अनुपस्थितिमा परिषद्ले कुनै कर्मचारीलाई सचिवको रुपमा काम गर्न तोक्न सक्नेछ ।

१०. परिषद्को कोष: (१) परिषद्को एउटा छुट्टै कोष हुनेछ ।

(२) परिषद्को कोषमा नेपाल सरकार, कुनै व्यक्ति वा संस्थाबाट प्राप्त हुने अनुदान तथा परिषद्ले उठाउने अन्य शुल्क आदिबाट प्राप्त हुने रकम जम्मा गरिनेछ ।

(३) परिषद्को कोषको सञ्चालन परिषद्ले तोकेको पार्षद् र परिषद्ले तोकेको परिषद्को कर्मचारीको संयुक्त दस्तखतबाट गरिनेछ ।

(४) परिषद्ले तोकेको लेखा परीक्षकले प्रत्येक वर्ष परिषद्को लेखा परीक्षण गर्नेछ ।

११. अनुशासन समितिः (१) कुनै कानून व्यवसायीले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा आचार संहिता विरुद्ध कुनै काम गरेकोछ भनी परिषद्मा उजूरी परेमा वा जानकारी हुन आएमा सो उपर छानबिन गरी आवश्यक कारबाही गर्नका लागि परिषद्ले एकजना पार्षद्को अध्यक्षतामा अनुशासन समिति गठन गर्न सक्नेछ ।

(२) अनुशासन समितिलाई समाव्हान जारी गर्ने र साक्षी प्रमाण बुझ्ने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार हुनेछ ।

(३) अनुशासन समितिले दोषी देखिएको कानून व्यवसायीलाई देहाय बमोजिम गर्ने गरी निर्णय दिन सक्नेछः–

(क) नसिहत दिने,

(ख) कुनै खास अवधिको लागि कानून व्यवसाय गर्न नपाउने गर्ने, र

(ग) कानून व्यवसायीको प्रमाणपत्र रद्द गर्ने ।

(४) उपदफा (३) बमोजिमको कारबाही गर्दा सम्बन्धित कानून व्यवसायीलाई सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ ।

(५) अनुशासन समितिको निर्णयमा चित्त नबुझ्ने कानून व्यवसायीले निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१२. समितिहरुः (१) परिषद्ले आफ्नो कार्य सञ्चालनका निमित्त अनुशासन समिति र परीक्षा समितिको अतिरिक्त आवश्यकता अनुसार अन्य समितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको कार्यावधि, काम, कर्तव्य र अधिकार परिषद्ले तोकिदिए बमोजिम हुनेछ ।

१३. काम कारबाही अवैध नहुने: कुनै पार्षद्को स्थान रिक्त रही वा अयोग्य व्यक्ति रही वा छानिई परिषद्मा काम कारबाही भएको रहेछ भने पनि सोही कारणले मात्र परिषद्को काम कारबाही अमान्य हुने छैन ।

१४. कानूनी कारबाही नहुने: परिषद् वा पार्षद् वा परिषद्को कुनै समिति वा समितिको कुनै सदस्यले असल नियतले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम अनुरुप गरेको कुनै कारबाहीलाई लिएर कुनै उजूरी लाग्ने छैन ।

परिच्छेद–३

कानून व्यवसायी परीक्षा

१५. कानून व्यवसायी परीक्षा: (१) वर्षको कम्तीमा एक पटक परिषद्ले कानून व्यवसायी परीक्षा सञ्चालन गर्नेछ । यस्तो परीक्षा लिखित र मौखिक रुपमा लिईनेछ र मौखिक परीक्षाको अङ्कभार पूर्णाङ्कको दश प्रतिशत भन्दा बढी हुने छैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि परिषद्ले सम्बन्धित विशेषज्ञहरु समावेश भएको कानून व्यवसायी परीक्षा समिति गठन गर्नेछ । समितिका सदस्यहरु मध्ये कुनै एकजनालाई परिषद्ले अध्यक्ष तोक्नेछ ।

(३) परीक्षा समितिले परीक्षा सञ्चालनका लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(४) परीक्षा समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

१६. कानून व्यवसायी परीक्षा सम्बन्धी पाठ्यक्रम: (१) परिषद्ले कानून व्यवसायी परीक्षाको पाठ्यक्रम, स्तर र प्रणाली निर्धारण गर्नेछ ।

तर दफा १७ को उपदफा (१) को खण्ड (क) र (ख) मा उल्लेखित व्यक्तिहरुको सम्बन्धमा लिइने कानून व्यवसायी परीक्षाको

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

पाठ्यक्रम निजहरुको अनुभवको पृष्ठभूमिलाई दृष्टिगत गरी परिषद्ले तोकिए बमोजिम छुट्टै निर्धारण गर्नेछ ।

(२) परिषद्ले कानून व्यवसायी परीक्षाको पाठ्यक्रम, स्तर र प्रणाली निर्धारण गर्ने तथा परीक्षा सञ्चालन गर्ने सम्बन्धमा सर्वोच्च अदालत र कानून संकाय, त्रिभुवन विश्वविद्यालयको सल्लाह र सहयोग लिन सक्नेछ ।

परिच्छेद–४

कानून व्यवसायीमा दर्ता

१७. कानून व्यवसायीमा दर्ता गरिनेः (१) देहायको योग्यता पुगेको, कानून व्यवसायी परीक्षा उत्तीर्ण गरेको र नैतिक पतन देखिने फौजदारी अपराधमा सजाय नपाएको नेपाली नागरिकलाई मात्र अधिवक्ताको रुपमा दर्ता गरिनेछः–

(क) कानूनमा स्नातक उपाधि प्राप्त गरी न्यायाधीश, सरकारी वकील वा न्याय सेवाको राजपत्राङ्कित पदमा रही वा कानूनको शिक्षक भई कम्तीमा पाँच वर्ष काम गरिसकेको, वा

➢(ख) अविच्छिन्न रुपमा कम्तीमा पाँच वर्ष अभिवक्ताको हैसियतले कानून व्यवसाय गरेको र कानूनमा स्नातक उपाधि प्राप्त गरेको, वा

➢(ग) अविच्छिन्न रुपमा कम्तीमा सात वर्ष अभिवक्ताको हैसियतले कानून व्यवसाय गरेको, वा

(घ) कानूनमा स्नातक उपाधि प्राप्त गरेको ।

(२) देहायको योग्यता पुगेको, कानून व्यवसायी परीक्षा उत्तीर्ण गरेको र नैतीक पतन देखिने फौजदारी अपराधमा सजाय नपाएको नेपाली

➢ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा संशोधित ।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

नागरिकलाई *संवत् २०७० साल चैत्र मसान्तसम्म अभिवक्ताको रुपमा दर्ता गरिनेछः-

(क) कानूनमा प्रवीणता प्रमाणपत्र प्राप्त गरेको, वा

(ख) पाँच वर्षसम्म अभिकर्ताको रुपमा कानून व्यवसाय गरेको ।

१८. दर्ताको लागि निवेदनः (१) यस ऐन अन्तर्गत अधिवक्तामा दर्ता हुन योग्यता पुगेको व्यक्तिले कानून व्यवसायीमा दरिनको लागि परिषद्ले तोकेको ढाँचामा परिषद्मा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्ति कानून व्यवसायीमा दरिन योग्य देखिएमा परिषद्ले त्यस्तो नेपाली नागरिकलाई कानून व्यवसायीको रुपमा दर्ता गरी तोकिए बमोजिमको ढाँचामा कानून व्यवसायीको प्रमाणपत्र दिनेछ र त्यसको जानकारी सर्वोच्च अदालतलाई समेत दिनेछ ।

१९. प्रमाणपत्र रद्द हुनेः कुनै कानून व्यवसायी कानून व्यवसायको प्रमाणपत्र प्राप्त गर्नु भन्दा पहिलेनैकानून व्यवसायी हुन अयोग्य भएको तथ्य पछिबाट प्रमाणित हुन आएमा त्यस्तो कानून व्यवसायीको प्रमाणपत्र परिषद्ले रद्द गर्न सक्नेछ ।

२०. कानून व्यवसायीको लगत राख्नेः (१) परिषद्ले कानून व्यवसायीको प्रमाणपत्र पाएका व्यक्तिहरुको लगत राख्नेछ ।

(२) उपदफा (१) अनुसारको लगतलाई परिषद्ले अद्यावधिक गरी राख्नेछ ।

(३) कुनै कानून व्यवसायीको मृत्यु भएमा वा कुनै कानून व्यवसायीले लगत किताबबाट आफ्नो नाम हटाई पाउँभनी निवेदन दिएमा वा कुनै कानून व्यवसायी अनुशासन सम्बन्धी कारबाहीमा परी प्रमाणपत्र

---

* पहिलो संशोधनद्वारा संशोधित ।

रद्द हुने निर्णय भएमा त्यस्तो कानून व्यवसायीको नाम लगत किताबबाट हटाइनेछ र यसको जानकारी सर्वोच्च अदालतलाई दिइनेछ ।

(४) कुनै कानून व्यवसायी अनुशासनको कारबाहीमा परी निजको प्रमाणपत्र निलम्बन गर्ने गरी परिषद्ले निर्णय गरेमा सो व्यहोरा लगत किताबमा जनाउनु पर्नेछ ।

२१. वरिष्ठ अधिवक्ताको उपाधिः (१) कुनै अधिवक्ताले कम्तीमा पन्ध्र वर्ष सर्वोच्च अदालत वा पुनरावेदन तहको अदालतमा कानून व्यवसाय गरी पेशाको उच्च मर्यादा राखी अदालत र समाजलाई सहयोग गरेको छ भन्ने सर्वोच्च अदालतलाई लागेमा त्यस्तो अधिवक्तालाई सर्वोच्च अदालतले सम्मान स्वरुप वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्न सक्नेछ र त्यस्तो वरिष्ठ अधिवक्ताले तोकिए बमोजिमको आचरण पालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सर्वोच्च अदालतले कुनै अधिवक्तालाई वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्दा सम्बन्धित अधिवक्ताको सहमति लिनेछ ।

परिच्छेद–५

कानून व्यवसाय गर्ने अधिकार

२२. उपस्थित हुने, पैरवी र बहस गर्ने अधिकारः (१) वरिष्ठ अधिवक्ता तथा अधिवक्तालाई सर्वोच्च अदालत लगायत नेपाल [2]..... का जुनसुकै अड्डा, अदालत वा अधिकारीका समक्ष आफ्नो पक्षका तर्फबाट उपस्थित हुने, पैरवी गर्ने र बहस गर्ने अधिकार हुनेछ ।

(२) अभिवक्तालाई सर्वोच्च अदालत बाहेक नेपाल [2]..... का अन्य अड्डा अदालत वा अधिकारीका समक्ष आफ्नो पक्षका तर्फबाट उपस्थित हुने, पैरवी गर्ने र बहस गर्ने अधिकार हुनेछ ।

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

२३. सम्बोधनको अधिकार: (१) कुनै मुद्दामा एक पक्षका तर्फबाट एक भन्दा बढी कानून व्यवसायीहरु रहेमा मुद्दा हेर्ने अधिकारीलाई सम्बोधन गर्ने अधिकार देहाय बमोजिमको प्राथमिकताक्रम अनुसार हुनेछः–

(क) एकै श्रेणीको कानून व्यवसायीहरु भए निजहरुले प्रमाणपत्र पाएको मितिको जेष्ठताको क्रम अनुसार, र

(ख) विभिन्न श्रेणीका कानून व्यवसायीहरु भए देहायको क्रम अनुसारः–

(१) वरिष्ठ अधिवक्ता,

(२) अधिवक्ता, र

(३) अभिवक्ता।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दा हेर्ने अधिकारी तथा प्राथमिकताक्रममा पहिले सम्बोधन गर्ने अधिकार प्राप्त कानून व्यवसायीको अनुमति लिई प्राथमिकताक्रममा पछि सम्बोधन गर्ने अधिकार भएको कानून व्यवसायीले पहिले सम्बोधन गर्न सक्नेछ ।

(३) कुनै मुद्दामा एकै पक्षका तर्फबाट एकभन्दा बढी एकै श्रेणीका र एकै मितिमा प्रमाणपत्र पाएका कानून व्यवसायीहरु रहेमा आपसमा मञ्जुर गरेको कुनै एक कानून व्यवसायीले पहिले सम्बोधन गर्न सक्नेछ ।

२४. कानून व्यवसायीको विशेष सुविधा: (१) कुनै कानून व्यवसायीले कुनै मुद्दामा कुनै पक्षको तर्फबाट उपस्थित हुन, पैरवी गर्न तथा बहस गर्न जाँदा बाटोमा निजलाई कुनै देवानी मुद्दाको बिगो वा सजायको सम्बन्धमा पक्राउ गरिने छैन ।

(२) कुनै कानून व्यवसायीले बहसको सिलसिलामा बोलेको कुनै कुरालाई लिएर निज उपर कुनै प्रकारको गाली बेईज्जती मुद्दा चलाउन सकिने छैन ।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

२५. <u>अनधिकृत व्यक्तिले कानून व्यवसाय गर्न नहुने:</u> (१) कानून व्यवसायीमा नदरिई कसैले पनि कुनै मुद्दामा मुद्दाको कुनै पक्षको तर्फबाट अड्डा, अदालतमा उपस्थित हुन, पैरवी गर्न तथा बहस गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी मुलुकबाट कानून व्यवसायी प्रमाणपत्र प्राप्त गरेको कानून व्यवसायीले सम्बन्धित अदालतबाट अनुमति लिई कुनै खास मुद्दाको सम्बन्धमा कुनै पक्षको तर्फबाट अदालतमा उपस्थित भै बहस गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वकील, मुद्दाको पक्ष वा यस ऐन बमोजिम कानून व्यवसाय गर्न पाउनेहरुको सङ्ख्या दशजना भन्दा कम भएको जिल्लामा अरु कसैले मुद्दाको कुनै पक्षको तर्फबाट अड्डा अदालतमा उपस्थित हुन, पैरवी गर्न तथा बहस गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (१) को विपरीत कसैले कुनै काम गरेमा दुई हजार रुपैयाँसम्म जरिबाना वा ६ महिनासम्म कैद वा दुबै सजाय हुन सक्नेछ ।

परिच्छेद–६

<u>विविध</u>

२६. <u>विद्यमान कानून व्यवसायीहरुको मान्यता:</u> कानून व्यवसायी ऐन, २०२५ बमोजिम वरिष्ठ अधिवक्ता, अधिवक्ता वा अभिवक्तामा दरिएको कानून व्यवसायी यसै ऐन बमोजिम कानून व्यवसायीमा दरिएको मानिने छन् ।

२७. <u>नियम बनाउने अधिकार:</u> (१) यस ऐनको उद्देश्य पूरा गर्न परिषद्ले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी परिषद्ले खास गरी देहायका विषयहरुमा नियम बनाउन सक्नेछ:–

(क) कानून व्यवसायीको पेशागत आचार संहिता,

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

(ख) आचार संहिता उल्लङ्घन सम्बन्धी उजूरीको सुनुवाई तथा अन्य कार्यविधि,

(ग) परिषद्को आन्तरिक कार्यविधि,

(घ) परिषद् अन्तर्गत गठित विभिन्न समितिहरुको कार्यविधि,

(ङ) पार्षद्को अयोग्यताको प्रश्न ठहर गर्ने व्यवस्था,

(च) कानून व्यवसायीमा दरिन दिइने निवेदन दस्तुर र दर्ताको प्रमाणपत्र शुल्क सम्बन्धी व्यवस्था,

(छ) परिषद्का कर्मचारीको नियुक्ति र सेवा सम्बन्धी व्यवस्था,

(ज) परिषद्को कोष, हिसाब किताब र लेखापरीक्षण सम्बन्धी व्यवस्था,

(झ) अड्डा अदालतमा लेखापढी गर्न प्रमाणपत्र पाएका व्यक्तिले गर्न पाउने काम र पालना गर्नुपर्ने शर्त सम्बन्धी व्यवस्था ।

(३) उपदफा (१) को खण्ड (क), (ख) र (झ) अन्तर्गत परिषद्ले बनाएका नियमहरु सर्वोच्च अदालतबाट स्वीकृत भएपछि मात्र लागू हुनेछन् ।

२८. <u>अड्डा अदालतमा लेखापढी गर्न प्रमाणपत्र दिने सम्बन्धमा:</u> (१) जिल्ला अदालतले अड्डा अदालतमा लेखापढी गर्ने प्रमाणपत्र प्रदान गर्नेछ ।

(२) कानून व्यवसायी ऐन, २०२५ बमोजिम अड्डा अदालतमा लेखापढी गर्न पाएको प्रमाणपत्र यसै ऐन बमोजिम प्रदान गरिएको मानिनेछ ।

(३) यस दफा बमोजिम प्रमाणपत्र पाएका व्यक्तिले गर्न पाउने काम, पालन गर्नुपर्ने शर्त र प्रमाणपत्र रद्द गर्न सकिने अवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

२९. <u>खारेजी र बचाउः</u> (१) कानून व्यवसायी ऐन, २०२५ खारेज गरिएको छ ।

(२) कानून व्यवसायी ऐन, २०२५ बमोजिम अभिकर्तामा दरिएका व्यक्तिले गरी आएको कानून व्ययसाय गर्न यस ऐनको कुनै कुराले बाधा पुऱ्याएको मानिनेछैन ।

<u>द्रष्टव्यः</u> केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः
"श्री ५ को सरकार"को सट्टा "नेपाल सरकार"।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२

संशोधन गर्ने ऐन	लालमोहर र प्रकाशन मिति
	२०५२।११।३
१. महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०५४	२०५४।९।७
	प्रमाणीकरण र प्रकाशन मिति
२. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३	२०६३।६।२८
३. लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३	२०६३।७।१७
४. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६[←]	२०६६।१०।७
५. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२	२०७२।११।१३

२०५२ सालको ऐन नं. १३

2.....

महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको चौबीसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

← योऐनसंवत्२०६५सालजेठ१५गतेदेखिलागूभएको।

2गणतन्त्रसुदृढीकरणतथाकेहीनेपालकानूनसंशोधनगर्नेऐन, २०६६द्वाराझिकिएको।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा "महान्यायाधिवक्ता" भन्नाले ◎नेपालको संविधानको धारा १५७ को उपधारा (२) बमोजिम नियुक्त भएको नेपाल[2]..... को महान्यायाधिवक्ता सम्झनु पर्छ।

परिच्छेद–२

पारिश्रमिक र सुविधा

३. पारिश्रमिकः (१) महान्यायाधिवक्तालाई अनुसूची–१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक दिइनेछ ।

(२) महान्यायाधिवक्ताले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा वा निजको मृत्यु भएमा वा अरु कुनै कारणबाट निजले पदबाट अवकाश पाएमा निजलाई आफ्नो पदमा कायम रहेको दिनसम्म पाउने पारिश्रमिकको अतिरिक्त एक महिनाको थप पारिश्रमिक दिइनेछ ।

(३) उपदफा (२) बमोजिम महान्यायाधिवक्ताले पाउने पारिश्रमिक तथा थप पारिश्रमिक अवस्था अनुसार निजलाई वा निजले इच्छाएको व्यक्तिलाई दिइनेछ । महान्यायाधिवक्ताको मृत्यु भएमा निजले कसैलाई इच्छाएको रहेनछ वा इच्छाइएको व्यक्ति जीवित रहेनछ भने त्यस्तो पारिश्रमिक निजको नजिकको हकवालालाई दिइनेछ ।

४. आवास सुविधाः (१) महान्यायाधिवक्तालाई आवासको निमित्त नेपाल सरकारबाट सरकारी घरको बन्दोवस्त हुनेछ । त्यस्तो घरको बन्दोबस्त

◎ केहीनेपालऐनसंशोधनगर्नेऐन, २०७२द्वारासंशोधित।

2गणतन्त्रसुदृढीकरणतथाकेहीनेपालकानूनसंशोधनगर्नेऐन, २०६६द्वाराझिकिएको।

नभएकोमा वा काठमाडौं उपत्यकामा महान्यायाधिवक्ताको आफ्नो उपयुक्त घर नभई घर भाडामा लिनु परेमा निजलाई घरभाडा बापत प्रतिमास निजको मासिक पारिश्रमिकको आधा रकम दिइनेछ ।

(२) आफ्नो घरमा बस्ने महान्यायाधिवक्तालाई घर मर्मत र सरसफाईको निमित्त अनुसूची–१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ ।

(३) उपदफा (१) बमोजिम महान्यायाधिवक्तालाई नेपाल सरकारको तर्फबाट सरकारी घरको बन्दोबस्त भएमा त्यस्तो घरको मर्मत र सम्भार नेपाल सरकारले गर्नेछ ।

(४) यस दफा बमोजिमको सुविधा महान्यायाधिवक्तालाई निजले आफ्नो पदबाट अवकाश पाएको मितिले सात दिनसम्म दिइनेछ ।

५. <u>बिजुली, धारा र टेलिफोन सुविधा:</u> (१) महान्यायाधिवक्ताको आवासमा एक लाईन टेलिफोन जडान गर्न लाग्ने खर्च र धरौटी बापत लाग्ने रकम नेपाल सरकारले ब्यहोर्नेछ ।

(२)बिजुली, धारा र टेलिफोन महसुल बापत महान्यायाधिवक्तालाई अनुसूची–१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ ।

६. <u>सवारी तथा इन्धन सुविधा:</u> (१) महान्यायाधिवक्तालाई ड्राइभर सहितको मोटर एक, मासिक एकसय पचास लिटर पेट्रोल र त्रैमासिक पाँच लिटर मोबिल उपलब्ध गराईनेछ ।

(२) आफ्नो निजी मोटर प्रयोग गर्ने महान्यायाधिवक्तालाई ड्राइभरको निमित्त नेपाल सरकारको हलुका सवारी चालकको तलबमानको शुरु अंक बराबरको रकम तथा मासिक एकसय पचास लिटर पेट्रोल र त्रैमासिक पाँच लिटर मोबिल उपलब्ध गराइनेछ ।

(३) उपदफा (१) बमोजिम उपलब्ध गराइएको मोटरको मर्मत र सम्भार तथा ग्रीजको बन्दोबस्त केन्द्रीय सेवा विभागबाट हुनेछ ।

(४) महान्यायाधिवक्ताले प्रयोग गरेको मोटरको पेट्रोल र मोबिलको बील भौचर बुझाउनु पर्ने छैन ।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

(५) महान्यायाधिवक्तालाई यस दफा बमोजिमको सुविधा निजले आफ्नो पदबाट अवकाश पाएको मितिले सात दिनसम्म दिइनेछ ।

परिच्छेद–३

दैनिक तथा भ्रमण भत्ता

७. दैनिक तथा भ्रमण भत्ताः (१) महान्यायाधिवक्तालाई आफ्नो ओहदा सम्बन्धी काममा नेपाल 2..... भित्र भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछः–

(क) दैनिक भत्ताः अनुसूची–१ मा उल्लेख भए बमोजिमको रकम ।

(ख) भ्रमण भत्ताः

(१) पैदल भ्रमण गर्दा अनुसूची–१ मा उल्लेख भए बमोजिमको रकम ।

(२) बसबाट भ्रमण गर्दा एकजनालाई लाग्ने भाडा ।

(३) रेलबाट भ्रमण गर्दा एकजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च ।

(४) हवाईजहाजबाट भ्रमण गर्दा एकजनालाई लाग्ने टिकट खर्च ।

(५) अन्य सवारीबाट भ्रमण गर्दा एकजनालाई लाग्ने भाडा ।

(२) महान्यायाधिवक्तालाई आफ्नो ओहदा सम्बन्धी काममा वा नेपाल सरकारको तर्फबाट कुनै समारोह, उत्सव, अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार आदिमा भाग लिन नेपाल2..... बाहिर भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछः–

2गणतन्त्रसुदृढीकरणतथाकेहीनेपालकानूनसंशोधनगर्नेऐन, २०६६द्वाराझिकिएको।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

(क) दैनिक भत्ताः अनुसूची–२ मा उल्लेख भए बमोजिमको रकम ।

(ख) भ्रमण भत्ताः

(१) मोटरबाट भ्रमण गर्दा एकजनालाई लाग्ने बील बमोजिमको मोटर भाडा ।

(२) रेलबाट भ्रमण गर्दा एकजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च ।

(३) हवाईजहाजबाट भ्रमण गर्दा एकजनालाई लाग्ने बिजिनेश दर्जाको टिकट खर्च ।

(४) जलमार्गबाट भ्रमण गर्दा एकजनालाई लाग्ने बील बमोजिमको खर्च ।

(३) महान्यायाधिवक्ताले नेपाल 2..... बाहिर औपचारिक रुपमा विदेशी राष्ट्रहरुको अतिथिको रुपमा भ्रमणमा जाँदा त्यस्तो राष्ट्रमा रहुन्जेलसम्म उपदफा (२) को खण्ड (क) बमोजिम पाउने दैनिक भत्ताको आधाको दरले मात्र दैनिक भत्ता पाउनेछ ।

८. <u>भ्रमण सम्बन्धी अन्य व्यवस्थाः</u> (१) महान्यायाधिवक्ताले भ्रमणबाट फर्केको दिनको आधा दैनिक भत्ता पाउनेछ र त्यस्तो भत्ता फर्केको दिनको अघिल्लो दिन बसेको स्थानको लागि पाउने दैनिक भत्ताको आधा हुनेछ ।

(२) भ्रमण भत्ताको भुक्तानीको निमित्त महान्यायाधिवक्ताले भ्रमणबाट फर्केको मितिले पैंतीस दिनभित्र भ्रमण बील भरी कोष प्रमाण, लगबूक, भरपाई आदि आवश्यक प्रमाणहरु उपलब्ध गराउनु पर्नेछ ।

९. <u>बीमा खर्च तथा हवाई उडान करः</u> महान्यायाधिवक्तालाई आफ्नो ओहदा सम्बन्धी काममा वा नेपाल सरकारको तर्फबाट कुनै समारोह, उत्सव, अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार आदिमा भाग लिन हवाईजहाजबाट भ्रमण

2गणतन्त्रसुदृढीकरणतथाकेहीनेपालकानूनसंशोधनगर्नेऐन, २०६६द्वाराझिकिएको।

गर्दा तीन लाख रुपैयाँको बीमा खर्च र हवाई उडान कर बापत लाग्ने रकम दिइनेछ ।

▲९क.....

१०. लुगा भत्ता: (१) महान्यायाधिवक्तालाई आफ्नो ओहदा सम्बन्धी काममा वा नेपाल सरकारको तर्फबाट कुनै समारोह, उत्सव, अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार आदिमा भाग लिन नेपाल 2..... बाहिर जाँदा तीन वर्षमा एक पटक लुगा भत्ता बापत अनुसूची–१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल 2..... बाहिर जाँदा महान्यायाधिवक्ताले आफ्नो श्रीमती ५वा श्रीमान् समेत साथमा लैजाने स्वीकृति पाएमा oश्रीमती वा श्रीमान्को लागि तीन वर्षमा एकपटक आफ्नो एक महिनाको पारिश्रमिकको आधा रकम लुगा भत्ता बापत पाउनेछ ।

११. नेता भत्ता: महान्यायाधिवक्ताले प्रतिनिधि मण्डलको नेताको रुपमा नेपाल 2..... बाहिर जाँदा आफूले पाउने दैनिक भत्ताको पच्चीस प्रतिशत थप रकम नेता भत्ता बापत पाउनेछ ।

१२. भईपरी आउने खर्च: (१) महान्यायाधिवक्तालाई आफ्नो मातहत कार्यालयको निरीक्षण भ्रमणमा जाँदा खर्चको फाँटवारी बुझाउनु नपर्ने गरी वर्षको बढीमा दुई पटक एक हजार रुपैयाँका दरले भईपरी आउने खर्च दिइनेछ ।

(२) महान्यायाधिवक्तालाई कुनै समारोह, उत्सव, अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार आदिमा भाग लिन नेपाल 2..... बाहिर जाँदा नेपाल सरकारले निर्णय गरे बमोजिम भईपरी आउने खर्च दिइनेछ ।

▲ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा खारेज ।

2गणतन्त्रसुदृढीकरणतथाकेहीनेपालकानूनसंशोधनगर्नेऐन, २०६६द्वाराझिकिएको।

५ लैङ्गिकसमानताकायमगर्नतथालैङ्गिकहिंसाअन्त्यगर्नकेहीनेपालऐनलाईसंशोधनगर्नेऐन, २०७२द्वाराथप।

o लैङ्गिकसमानताकायमगर्नतथालैङ्गिकहिंसाअन्त्यगर्नकेहीनेपालऐनलाईसंशोधनगर्नेऐन, २०७२द्वारासंशोधित।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

१३. ◎चाडपर्व खर्च: महान्यायाधिवक्ताले प्रत्येक वर्ष ◎चाडपर्व खर्चबापत आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम पाउनेछ ।

*१४. बिदा: (१) महान्यायाधिवक्ताले देहाय बमोजिमका बिदाहरु पाउन सक्नेछ:–

(क) पर्व बिदा र भइपरी आउने बिदा

(ख) घर बिदा

(ग) बिरामी बिदा

(घ) किरिया बिदा

(ङ) विशेष बिदा

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका बिदाहरु पूरा पारिश्रमिक सहित र खण्ड (ङ) बमोजिमको बिदा आधा पारिश्रमिक सहितको हुनेछ ।

(३) महान्यायाधिवक्ताले प्रत्येक वर्ष भइपरी आउने बिदा छ दिन र पर्व बिदा छ दिन लिन पाउनेछ ।

(४) महान्यायाधिवक्ताले काम गरेको अवधिको एघार दिनको एक दिनको दरले घर बिदा पाउनेछ । घर बिदा बढीमा एक सय पचास दिनसम्म संचित गरी राख्न सकिनेछ । घर बिदाको प्रयोजनको निमित्त काम गरेको अवधि कायम गर्दा भइपरी आउने बिदा र पर्व बिदा बसेको दिन र सार्वजनिक बिदाको दिन समेत काम गरेको दिनमा जोडिनेछ ।

(५) एक सय बीस दिनभन्दा बढी घर बिदा संचित हुने महान्यायाधिवक्ताले सो बढी घर बिदा मध्ये प्रत्येक वर्ष चैत्र मसान्तसम्म संचित रहेको घर बिदा मध्ये बढीमा तीस दिनसम्मको घर बिदा बापत निजले खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम सोही आर्थिक वर्षको अन्त्यसम्ममा एकमुष्ट लिन सक्नेछ ।

◎ केहीनेपालऐनसंशोधनगर्नेऐन, २०७२द्वारासंशोधित।

* पहिलो संशोधनद्वारा संशोधित ।

(६) महान्यायाधिवक्ताले प्रत्येक वर्ष पन्ध्र दिनका दरले बिरामी बिदा पाउनेछ । त्यस्तो बिरामी बिदा जति पनि संचित गरी राख्न सकिनेछ । कुनै कडा रोग लागि महान्यायाधिवक्ताले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरेमा बिरामी बिदा बाँकी नभए दुई महिनासम्म पारिश्रमिक सहितको र त्यस्तो पारिश्रमिक सहितको थप बिरामी बिदा लिईसकेपछि एक पटकमा थप चार महिनासम्म र सेवाको अवधिभरमा बाह्र महिनामा नबढ्ने गरी बिना पारिश्रमिकको बिरामी बिदा पाउन सक्नेछ ।

तर त्यसरी पारिश्रमिक सहितको थप बिरामी बिदा लिंदा प्रत्येक दुई दिन थप बिरामी बिदा बापत एक दिनका दरले घर बिदा कट्टा गरिनेछ ।

(७) महान्यायाधिवक्ता आफै किरिया बस्नु परेमा कुल धर्म हेरी बढीमा पन्ध्र दिनसम्म किरिया बिदा पाउनेछ ।

(८) महान्यायाधिवक्ताले देहाय बमोजिम विशेष बिदा पाउन सक्नेछः–

(क) एक पटकमा एक महिनामा नबढाई, र

(ख) सेवाको अवधिभरमा जम्मा तीन महिनामा नबढाई ।

(९) संवैधानिक पदमा वा नेपाल सरकारको सेवामा रहेको कुनै व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्त भएमा सो पदमा वा सेवामा रहँदाको निजको संचित बिदा सम्बन्धी हक उपभोग गर्नबाट निजलाई बञ्चित गरिने छैन ।

(१०) महान्यायाधिवक्ताले आफ्नो पदबाट अवकाश पाएमा उपदफा (४) र (६) बमोजिम संचित रहेको घर बिदा र बिरामी बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

१५. बिदा दिने अधिकारी: (१) महान्यायाधिवक्ताले दफा १४ मा उल्लिखित बिदाहरु मध्ये पर्व बिदा र भइपरी आउने बिदा आफै लिन सक्नेछ र अन्य बिदा प्रधानमन्त्री ▲..... बाट स्वीकृत गराउनु पर्नेछ ।

(२) महान्यायाधिवक्ताले उपदफा (१) बमोजिम लिएको बिदाको जानकारी ◎प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

परिच्छेद–४

उपचार खर्च, निवृत्तभरण र उपदान

१६. उपचार खर्च: (१) महान्यायाधिवक्ताले आफू बिरामी भई उपचार गराउँदा देहाय बमोजिमको उपचार खर्च पाउनेछ:–

(क) अस्पतालमा भर्ना हुँदा र उपचार गराउँदा लागेको अस्पतालको बील बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेसक्रिप्सन बमोजिम खरिद गरेको औषधि खर्च ।

तर चिकित्सकको प्रेसक्रिप्सनमा रोगको निदान (डाइग्नोसिस) गरिएको हुनुपर्छ ।

(ख) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बील बमोजिमको खर्च ।

तर निजी नर्सिङ्ग होममा चिरफार गरेको खर्च भने दिइने छैन ।

(ग) चश्मा, दाँत, एयरफोन आदि उपकरणको लागि नेपाल सरकारले तोकिदिएको रकममध्ये लागेको बील बमोजिमको खर्च ।

▲ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा झिकिएको ।

◎ केहीनेपालऐनसंशोधनगर्नेऐन, २०७२द्वारासंशोधित।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महान्यायाधिवक्ताले आफ्नो कार्यकाल भर पाउने उपचार खर्चको रकम निजले पाउने बाह्र महिनाको पारिश्रमिक बराबरको रकम भन्दा बढी हुने छैन ।

🕮(२क) महान्यायाधिवक्ताले आफ्नो सगोलको पति वा पत्नी, आमा, बाबु, छोरा वा छोरी बिरामी भएमा उपदफा (२) बमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधासम्म बील बमोजिम भएको उपचार खर्चको नब्बे प्रतिशत रकम लिन पाउनेछ । त्यस्तो उपचार खर्चको माग गर्दा रोगको निदान (डाइग्नोसिस) गरिएको चिकित्सकको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

तर यस उपदफा बमोजिम पाउने उपचार खर्च एकपटकमा महान्यायाधिवक्ताको एक महिनाको पारिश्रमिक भन्दा बढी हुने छैन ।

🕮(२ख) महान्यायाधिवक्ताले आफ्नो सगोलको पति वा पत्नी, आमा, बाबु, छोरा वा छोरी बिरामी भई विदेशमा लगी उपचार गराउनु पर्दा र स्वदेशकै अस्पतालमा भर्ना गराई शल्यक्रिया वा उपचार गराउनु पर्दा अस्पतालमा लागेको बील बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेसक्रिप्सन बमोजिम लागेको औषधि उपचार खर्चको नब्बे प्रतिशत रकम उपदफा (२) बमोजिम महान्यायाधिवक्ताले पाउने रकम मध्येबाट पाउनेछ ।

🕮(२ग) उपदफा (२क) र (२ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि महान्यायाधिवक्ताको सगोलको पति वा पत्नी, आमा वा बाबु, छोरा वा छोरी कुनै संवैधानिक पदमा वा सरकारी सेवामा वा सरकारी स्वामित्व वा नियन्त्रण भएको संस्थाको सेवामा बहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च दिइने छैन ।

🕮(२घ) यस दफा बमोजिम उपचार खर्च माग गर्ने महान्यायाधिवक्ता कार्यालयमा उपस्थित हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी भएसम्म बिरामी बिदा नै माग गर्नु पर्नेछ । बिरामी बिदा नभएमा मात्र अन्य बिदा माग गर्न पाउनेछ ।

🕮 पहिलो संशोधनद्वारा थप ।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

🕮(२ङ) यस दफा बमोजिम महान्यायाधिवक्ताले पाएको उपचार खर्चको विवरण त्यस्तो महान्यायाधिवक्ताको बिदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राखिनेछ ।

(३) नेपाल सरकारद्वारा नियुक्त चिकित्सकहरुको समितिले महान्यायाधिवक्ताको नेपाल2..... भित्र औषधि उपचार हुन नसक्ने भनी सिफारिस गरेमा र निजले विदेशमा गई उपचार गराउन चाहेमा नेपाल सरकारले महान्यायाधिवक्तालाई उपदफा (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त नेपाल सरकारले उचित ठहऱ्याएको थप आर्थिक सहायता दिन सक्नेछ ।

(४) महान्यायाधिवक्ताले सेवाबाट अलग हुँदा उपदफा (२) बमोजिम पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए त्यस्तो बाँकी भए जति रकमको दुई तिहाईको हिसाबले हुने एक मुष्ट रकम लिन पाउनेछ ।

तर निवृत्तभरण पाउने गरी सेवाबाट अवकाश पाएको महान्यायाधिवक्ताले त्यस्तो बाँकी भए जति पूरै रकम एकमुष्ट लिन पाउनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि महान्यायाधिवक्ताको पदमा पाँच वर्ष सेवा नगरी सेवाबाट अलग हुने महान्यायाधिवक्तालाई उपचार खर्च दिंदा यस ऐन बमोजिम पाउने सम्पूर्ण उपचार खर्चको रकमलाई पाँच वर्ष सेवा गरे बापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ ।

(६) यस दफा बमोजिम पाउने उपचार खर्च लिन नपाउँदै महान्यायाधिवक्ताको मृत्यु भएमा दफा १८ बमोजिम पारिवारिक निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले सो उपचार खर्च लिन पाउनेछ ।

🕮 पहिलो संशोधनद्वारा थप ।

2गणतन्त्रसुदृढीकरणतथाकेहीनेपालकानूनसंशोधनगर्नेऐन, २०६६द्वाराझिकिएको।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

१७. <u>निवृत्तभरण र उपदानः</u> (१) संवैधानिक पदमा वा नेपाल सरकारको सेवामा बहाल रहेको वा त्यस्तो सेवाबाट अवकाश प्राप्त व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्त भई सेवाबाट अवकाश पाएमा निजले त्यसरी अघि गरेको सेवा अवधि र महान्यायाधिवक्ताको पदमा गरेको सेवा अवधि गणना गर्दा बीस वर्ष वा सो भन्दा बढी हुने रहेछ भने निजले आफ्नो मासिक पारिश्रमिकको दुई तिहाई रकम वा देहायको हिसाबले हुने मासिक निवृत्तभरण मध्ये कुनै एक रोज्न सक्नेछः–

<u>जम्मा सेवा वर्ष ×मासिक पारिश्रमिक</u>

५०

<u>स्पष्टीकरणः</u> यस खण्डको प्रयोजनको लागि "सरकारी सेवामा काम गरेको अवधि" भन्नाले नेपाल सरकारबाट निवृत्तभरण पाउन सक्ने कुनै पदमा नियुक्त भई काम गरेको अवधिलाई जनाउनेछ ।

🕮(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महान्यायाधिवक्ताको पदमा दस वर्ष सेवा अवधि पूरा गरिसकेको व्यक्ति सेवाबाट अवकाश भएमा निजले आफ्नो मासिक पारिश्रमिकको दुई तिहाई रकम मासिक निवृत्तभरण पाउनेछ ।

(२) उपदफा (१) 🕮<u>वा (१क)</u> बमोजिमको निवृत्तभरण पाउने सेवा अवधि पूरा नहुँदै सेवाबाट अवकाश प्राप्त गर्ने महान्यायाधिवक्तालाई निजले सेवा गरेको जम्मा वर्षलाई निजले अवकाश हुँदा खाईपाई आएको डेढ महिनाको पारिश्रमिकको अङ्कले गुणन गर्दा हुन आउने एकमुष्ट रकम उपदान दिइनेछ ।

⏭.....

(३) संवैधानिक पदमा वा नेपाल सरकारको सेवा गरे बापत उपदान पाइसकेको कुनै व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्त भएमा निजले त्यसरी नियुक्त भएको एक वर्षभित्र आफूले अघि पाएको

🕮 पहिलो संशोधनद्वारा थप ।

⏭ पहिलो संशोधनद्वारा प्रतिबन्धात्मक वाक्यांश झिकिएको ।

उपदानको पूरै रकम फिर्ता गरेमा मात्र निजले अघि गरेको सेवा अवधि *निवृत्तभरणको प्रयोजनको लागि जोडिनेछ ।

(४) यस दफा बमोजिम महान्यायाधिवक्ताले पाउने उपदानको रकम निजको बाह्र महिनाको पारिश्रमिक बराबरको रकम भन्दा बढी हुने छैन ।

(५) महान्यायाधिवक्ताको पारिश्रमिक बृद्धि हुँदा *पारिश्रमिक अंकमा जति बृद्धि भएकोछ त्यसको दुई तिहाई रकम निवृत्तभरण पाइरहेको महान्यायाधिवक्ताको निवृत्तभरणको रकममा पनि थप गरिनेछ ।

(६) संवैधानिक पदमा वा नेपाल सरकारको सेवा गरे बापत निवृत्तभरण पाईरहेको व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्त भई यस ऐन बमोजिम पनि निवृत्तभरण पाउन सक्ने भएमा निजले अघि पाइरहेको निवृत्तभरण र यस ऐन बमोजिम पाउने निवृत्तभरण मध्ये कुनै एक रोज्न सक्नेछ ।

*(७) उपदफा (१क) को प्रयोजनको लागि सेवा अवधि गणना गर्दा संवैधानिक पदमा वा सरकारी सेवाको पदमा वा सो दुबै पदमा काम गरेको कुल अवधिको आधा जोडी गणना गरिनेछ ।

१८. पारिवारिक निवृत्तभरण र उपदानः (१) महान्यायाधिवक्ताले आफ्नो परिवारका सदस्यहरुमध्ये कसैलाई इच्छाएको भए त्यस्तो व्यक्तिलाई र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएमा वा कसैलाई पनि नइच्छाएकोमा निजको परिवारका सदस्यहरु मध्ये नजिकको हकवालालाई देहायका आधारमा दफा १७ बमोजिमको निवृत्तभरण दिइनेछः–

(क) पदमा बहाल छदै महान्यायाधिवक्ताको मृत्यु भएमा मृत्यु भएको मितिदेखि सात वर्षसम्म,

(ख) दफा १७ बमोजिम निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा सो सातवर्ष पुग्न बाँकी अवधिसम्म ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

(२) पदमा बहाल छदै महान्यायाधिवक्ताको मृत्यु भएमा र दफा १७ बमोजिम निवृत्तभरण पाउने नभई उपदान मात्र पाउने रहेछ भने सो उपदानको रकम निजको परिवारका सदस्यहरु मध्ये उपदफा (१) बमोजिमको व्यक्तिले पाउनेछ ।

(३) उपदफा (१) बमोजिमको पारिवारिक निवृत्तभरण पाउने अवधि भुक्तान भइसके पछि मृत महान्यायाधिवक्ताको विधवा पत्नी वा विधुर पतिले जीवन भर त्यस्तो निवृत्तभरणको आधा रकम लिन पाउनेछ ।

तर त्यस्तो व्यक्तिले आफूले गरेको सरकारी सेवा बापत निवृत्तभरण पाईरहेको भएमा यस उपदफा बमोजिमको निवृत्तभरण पाउने छैन ।

🕮(४) महान्यायाधिवक्ताको पारिश्रमिक बृद्धि हुँदा पारिश्रमिकको अंकमा जति बृद्धि भएको छ त्यसको दुई तिहाई रकम उपदफा (१) वा (३) बमोजिम पारिवारिक निवृत्तभरण पाइरहेको व्यक्तिले खाईपाई आएको पारिवारिक निवृत्तभरण रकममा पनि थप गरिनेछ ।

परिच्छेद – ५

विविध

१९. <u>सञ्चय कोषः</u> नेपाल सरकारले महान्यायाधिवक्ताको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले सञ्चयकोष कट्टा गरी सो रकममा शत प्रतिशत रकम थप गरी सञ्चय कोषमा जम्मा गरी दिनेछ ।

🕮१९क. <u>दैनिक तथा भ्रमण भत्ता पाउनेः</u> महान्यायाधिवक्ताको पदमा तीन वर्ष काम गरिसकेको महान्यायाधिवक्ताले आफूले पकाएको घर बिदामा आफ्नो घर जाँदा र घरबाट फर्कदा वर्षको एकपटक यो ऐन बमोजिम पाउने दैनिक तथा भ्रमण भत्ताको आधाको दरले दैनिक तथा भ्रमण भत्ता पाउनेछ ।

तर परिवारका सदस्यले दैनिक तथा भ्रमण भत्ता पाउने छैन ।

🕮 पहिलो संशोधनद्वारा थप ।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

🕮१९ख. बाटोको म्याद: महान्यायाधिवक्ताले घर बिदामा घर जाँदा र घर बिदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा हाजिर हुन आउँदा वर्षको एकपटक पैदलको बाटोलाई आठ कोसको निमित्त एक दिनको दरले तथा मोटर, रेल, हवाईजहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन बाटो म्याद पाउनेछ ।

तर घर बिदामा घर नगई अन्यत्र जान वा बस्नको निमित्त बाटोको म्याद दिइने छैन । बाटो म्याद दिंदा सबैभन्दा छिटो साधनद्वारा सबैभन्दा छोटो बाटोको दिइनेछ र जाँदाआउँदा वास्तविक दिनभन्दा बढी दिइने छैन ।

२०. पारिश्रमिक तथा अन्य सुविधामा थप: नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गरी यस ऐन बमोजिम महान्यायाधिवक्ताले पाउने पारिश्रमिक तथा सुविधामा थप गर्न सक्नेछ ।

⊠२१. शपथ ग्रहण: महान्यायाधिवक्ताले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि प्रधान न्यायाधीश समक्ष अनुसूची–२क. बमोजिमको पद तथा गोपनीयताको शपथ गर्नु पर्नेछ ।

२२. खारेजी र बचाउ: (१) महान्यायाधिवक्ता (सेवा शर्त) नियमावली, २०२० खारेज गरिएको छ ।

(२) नेपाल अधिराज्यको संविधान, २०४७ प्रारम्भ हुनु अघि महान्यायाधिवक्ताको पदमा नियुक्त भई महान्यायाधिवक्ता (सेवा शर्त) नियमावली, २०२० बमोजिम पाइरहेको निवृत्तभरण सुविधा यसै ऐन बमोजिम पाएको मानिनेछ ।

(३) यो ऐन प्रारम्भ हुनु अघि महान्यायाधिवक्ताले प्राप्त गरेको पारिश्रमिक तथा सुविधा यसै ऐन बमोजिम पाएको मानिनेछ ।

🕮 पहिलो संशोधनद्वारा थप ।

⊠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

द्रष्टव्य:केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु:

"श्री ५ को सरकार"को सट्टा "नेपाल सरकार"।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

अनुसूची–१

(दफा ३,४,५,७ र १० सँग सम्बन्धित)

महान्यायाधिवक्ताले पाउने पारिश्रमिक, सुविधा तथा भत्ता

क्र.सं.	पारिश्रमिक, सुविधा तथा भत्ताको किसिम	पारिश्रमिक, सुविधा तथा भत्ताको दर
⊕☆१.	पारिश्रमिक	प्रति महिना रु. ४४,३३०।– र विशेष भत्ता प्रति महिना रु. १,०००।–
२.	घर मर्मत र सरसफाई सुविधा	प्रति महिना रु. १,५००।–
३.	बिजुली, धारा र टेलिफोन सुविधा	प्रति महिना रु. १,२००।–
४.	दैनिक भत्ता	प्रति दिन रु. १६५।–
५.	भ्रमण भत्ता	प्रति कोस रु. २५।–
❋६.	लुगा भत्ता	रु. ७,०००।–

⊕ नेपाल राजपत्रमा मिति २०७०।५।१० मा प्रकाशित सूचना अनुसार मिति २०७०।४।१ देखि लागु हुने गरी हेरफेर गरेको ।

☆ नेपाल सरकार (म.प.) को मिति २०७३।३।३१ को निर्णयानुसार मिति २०७३।४।१ देखि लागु हुने गरी पारिश्रमिक रु. ६०,९७०।- तोकिएको ।

❋ नेपाल राजपत्रमा मिति २०५७।४।१ प्रकाशित सूचना अनुसार सोही मितिदेखि लागू हुने गरी हेरफेर गरेको ।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

✪अनुसूची–२

(दफा ७ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

<u>महान्यायाधिवक्ताले विदेश भ्रमण गर्दा पाउने दैनिक भत्ता</u>

सार्क मुलुक	अमेरिकी डलर १००
अन्य मुलुक	अमेरिकी डलर १२५

✪ नेपाल राजपत्रमा मिति २०५७।४।१ प्रकाशित सूचना अनुसार मिति २०५७ साल साउन १ देखि लागू हुने गरी हेरफेर ।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

□अनुसूची–२क.

(दफा २१ सँग सम्बन्धित)

शपथ

म ... ... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको ◎नेपालको संविधान प्रति पूर्ण वफादार रहँदै महान्यायाधिवक्ता पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

.....

मितिः हस्ताक्षर

□ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा थप ।

◎ केहीनेपालऐनसंशोधनगर्नेऐन, २०७२द्वारासंशोधित।

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

▲अनुसूची–३

.....

▲ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा खारेज ।